# राप्ती सोनारी राजपत्र

## राप्ती सोनारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या २५ मिति २०८०/०६/१२

## भाग २

राप्ती सोनारी गाउँपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

खेलकुद विकास समिति सञ्चालन कार्यविधि, २०८०

प्रमाणिकरण मितिः २०८०/०६/ १२

# रासी सोनारी गाँउपालिका
# खेलकुद विकास समिति सञ्चालन कार्यविधि, २०८०

प्रस्तावनाः

रासी सोनारी गाउँपालिकामा क्षेत्रभित्र वा बाहिर खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सदभाव कायम राखी युवा, विद्यार्थी तथा सर्वसाधारण जनताहरुलाई धुम्रपान, मध्यपान, लागु पदार्थ दुर्यव्यसनको कूलतबाट जोगाई शारीरिक तथा मानसिक विकास गरी सक्षम, अनुशासित, एकतावद्ध र सुसंस्कृत समाज निर्माणको निमित्त रासी सोनारी गाउँपालिका क्षेत्रभित्र खेलकुदमा स्वच्छ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तनप्रति सचेत स्वास्थ्य नागरिक बनाउने उद्देश्यले विभिन्न तालिम तथा खेलकुद सम्बन्धी प्रतियोगिताहरु सञ्चालन गरी सबै किसिमको खेलकुद आयोजना गर्न तथा स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगितामा रासी सोनारी गाउँपालिकाका क्षेत्रभित्र खेलकुद विकास गर्न एवं गाउँपालिका भित्र रहेका खेलकुदसँग सम्बन्धित संघ संस्था र विद्यालयहरुलाई प्रोत्साहन तथा नियमनको लागि कानूनी व्यवस्था गर्न आवश्यक देखिएकोले,स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ को (क) र दफा १०२ उपदफा २ को अधिकार प्रयोग गरी रासी सोनारी गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वीकृत गरी यो “रासी सोनारी खेलकुद विकास समिति सञ्चालन कार्यविधि, २०८०” जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यीवधिको नामः रासी सोनारी खेलकुद विकास समिति सञ्चालन कार्यीवधि, २०८० रहको छ।

(ख) यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

(ग) यो कार्यविधि शैक्षिक संस्थाहरु, क्लबहरु, खेलकुदको क्षेत्रमा काम गर्ने विभिन्न संस्थाहरु, प्रशिक्षण केन्द्रहरुमा समेत लागु हुनेछ ।

२. परिभाषाः (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “गाउँपालिका” भन्नाले रासी सोनारी गाउँपालिकालाई जनाउँछ ।

(ख) “कार्यविधि” भन्नाले रासी सोनारी गाउँपालिका “रासी सोनारी खेलकुद विकास समिति सञ्चालन कार्यविधि, २०८०” सम्झनु पर्छ ।

(ग) “रासी सोनारी खेलकुद विकास समिति” भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको खेलकुद विकास समिति सम्झनु पर्छ र यसलाई छोटकरीमा “खेलकुद समिति“ भनिनेछ ।

(घ) “संयोजक” भन्नाले रासी सोनारी खेलकुद विकास समितिको संयोजकलाई सम्झनु पर्छ ।

(ङ) “सदस्य” भन्नाले रासी सोनारी खेलकुद विकास समितिका सदस्य सम्झनु पर्छ ।

(च) “सदस्य-सचिव” भन्नाले रासी सोनारी खेलकुद विकास समितिको सदस्य-सचिव सम्झनु पर्छ।

(छ) “अध्यक्ष” भन्नाले रासी सोनारी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ज) “उपाध्यक्ष” भन्नाले रासी सोनारी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(झ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले रासी सोनारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ञ) “खेलकुद सम्बन्धी संस्था” भन्नाले दफा १३ र १४ बमोजिम दर्ता भएका संस्था सम्झनु पर्छ ।

(ट) “स्थानीय तह” भन्नाले रासी सोनारी गाउँपालिकालाई सम्झनु पर्छ ।

(ठ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ड) "खेलकुद" भन्नाले रासी सोनारी गाउँपालिकाको आयोजना वा स्वीकृत वा सहमति लिई खेलाइने खेलकुद समेतलाई सम्झनु पर्दछ ।

(ढ) "खेलाडी” भन्नाले टिम, क्लब, संघ, संस्था, विद्यालय तथा विभिन्न विधाका स्थानीय, प्रदेश, राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलमा खेल्ने खेलाडीलाई सम्झनु पर्नेछ ।

(ण) “प्रशिक्षक” भन्नाले रासी सोनारी गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लब, संघ, संस्थामा खेल प्रशिक्षण समितिमा सम्बद्ध विषयगत खेलकुद प्रशिक्षक सम्झनु पर्छ ।

(त) “प्रशिक्षार्थी” भन्नाले रासी सोनारी गाउँपालिकाद्वारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लब, संघ, संस्थामा सम्बद्ध सिकारु खेलाडी सम्झनु पर्छ ।

(थ) "प्रोत्साहन" भन्नाले खेलाडीलाई दिईने उपहार अनुदान, सम्मान, प्रसंशापत्र, नगद पुरस्कारलाई सम्झनु पर्दछ ।

३. रासी सोनारी खेलकुद विकास समितिको उद्देश्यः

(१) रासी सोनारी खेलकुद विकास समितिको उद्देश्यहरु निम्नानुसार हुनेछन्,

(क) खेलकुदको माध्यमबाट अनुशासित जनशक्ति तयार गर्ने,

(ख) गाउँपालिका भित्र खेलकुद सञ्चालन गर्ने सबै संघ संस्था, निकायहरु बीच समन्वय गरी खेलकुद क्षेत्रको विकास गर्ने योजना बनाई लागू गर्ने तथा खेलकुदको विकास गर्न सघाउ पुयाउने,

(ग) खेलकुद क्षेत्रको विकास मार्फत समाजमा अनुशासन, गतिशील नागरिक तयार गर्न खेलकुदको संस्थागत विकास गर्ने,

(घ) खेलकुद क्षेत्रमा संस्थाहरुको स्थापना र विकास गरी खेलकुदका गतिविधिहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने,

(ड) खेलाडी, प्रशिक्षण र प्रतियोगिताका अवसरहरुलाई विकेन्द्रिकरण गर्दै समानुपातिक अवसर प्रदान गर्ने,

(च) खेलकुदलाई जनजीवनको अभिन्न अङ्ग बनाई जनसहभागितमा वृद्धि गर्ने,

(छ) निरन्तर अध्ययन अनुसन्धानका आधारमा प्रशिक्षण र प्रतियोगितालाई बढी वैज्ञानिक र स्तरयुक्त बनाउँदै स्तरीय खेलाडी उत्पादन गर्ने गरी उनीहरुको कार्यदक्षताबाट राष्ट्रलाई समेत राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय गौरव अभिवृद्धि गर्ने,

(ज) खेलकुदको माध्यमबाट जनजीवनको शारीरिक तथा मानसिक विकास गर्ने,

(झ) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहित गर्ने,

(ञ) अपांगता भएका तथा सुस्त मनस्थितिका लागि पनि उपयुक्त खेलकुद, विद्यालयहरुको विकास, प्रवर्द्धन एवं आयोजना गर्ने गराउने,

(ट) गाउँपालिका स्तरमा खेलाडीहरुको स्वास्थ्य सम्बन्धमा आवश्यक कार्यक्रम बनाई लागू गराउने,

(ठ) खेलकुद विकासका लागि अनुसन्धान केन्द्र बनाई खेल पर्यटनका आधारबाट गाउँपालिकाको आर्थिक उन्नतिमा टेवा पु-याउने गरी कार्य गर्ने,

(ड) खेलकुदमा निजीक्षेत्रको संलग्नता एवम् सहभागिता अभिवृदि गर्ने,

(ढ) खेलकुद प्रति सकारात्मक रुची पैदा गर्ने, खेलकुदका लागि अनुकुल वातावरण सिर्जना गर्ने,

(ण) खेलकुदमा क्रियाशिल टिम, क्लब, विद्यालय, संघ संस्थाहरु तथा व्यक्तिहरुको पेशागत विकास गर्ने,

(त) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिताहरुमा सहभागी भई राप्ती सोनारी गाउँपालिकाको ईज्जत, प्रतिष्ठा र गौरव वृद्धिमा योगदान पु-याउने खेलाडीहरुको सम्मान गर्ने ।

## परिच्छेद-२

## राप्ती सोनारी खेलकुद विकास समितिको गठन तथा काम कर्तव्य र अधिकार

४. राप्ती सोनारी खेलकुद विकास समितिको गठनः राप्ती सोनारी गाँउपालिकामा खेलकुदको विकास गर्नका लागि राप्ती सोनारी गाउँपालिकामा देहाय बमोजिमको ९ सदस्यीय राप्ती सोनारी खेलकुद विकास समितिको गठन हुनेछ ।

(क) गाउँपालिका अध्यक्ष वा निजले तोकेको खेलकुद क्षेत्रको अन्तर्राष्ट्रिय वा राष्ट्रियस्तरको खेलाडी वा राष्ट्रियस्तरको प्रशिक्षक -संयोजक

गाउँपालिकामा त्यस्ता व्यक्ती उपलब्ध हुन नसकेमा अन्य स्थानीय तहको व्यक्तिलाई तोक्न सकिने छ ।

(ख) खेलकुद क्षेत्रमा प्रतिष्ठित गा.पा. भित्रका व्यक्ति/पूर्व खेलाडी मध्ये
कार्यपालिकाले तोकेका कम्तिमा १ महिला सहित २ जना -सदस्य

(ग) गाँउपालिका अध्यक्षले तोकेको जनप्रतिनिधि मध्येबाट १ जना -सदस्य

(घ) खेलकुदसँग सम्बन्धित विभिन्न संघ संस्था/क्लब आदिमा आवद्धता भएका गाउँपालिका अध्यक्षले तोकेका कम्तिमा १ महिला सहित २ जना -सदस्य

(ङ) राप्ती सोनारी गाउँपालिका भित्र रहेका खेलकुदसँग सम्बन्धित सामुदायिक/संस्थागत विद्यालयका प्र.अ./शिक्षक/व्यवस्थापन समिति सदस्य मध्येबाट संयोजकले तोकेका २ जना -सदस्य

(च) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख -सदस्य सचिव

(छ) गाउँपालिकाले तोकेको मापदण्डमा खेलकुद विकास प्रस्तावको आधारमा सार्वजनिक सूचना प्रकाशित मार्फत तोक्न संयोजक तोक्न सक्नेछ ।

५. समितिले आवश्यक देखेमा अन्य स्थानीय तह वा जिल्लाको खेलकुदको क्षेत्रमा ख्याती प्राप्त व्यक्तिलाई विशेषज्ञ वा सल्लाहकारको रुपमा समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

६. राप्ती सोनारी खेलकुद विकास समिति अन्तर्गत आवश्यकता अनुसार प्रत्येक वडामा वडा खेलकुद विकास समिति गठन गर्न सकिनेछ ।

७. खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकारः राप्ती सोनारी खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-

(क) गाउँपालिकास्तरीय खेलकुद क्यालेण्डर निर्माण गरी सिफारिस गर्ने,

(ख) राप्ती सोनारी गाउँपालिका भित्र खेलकुदको योजना निर्माण, भौतिक पूर्वाधारको निर्माण तथा विकास गर्ने।

(ग) खेलकुदको स्तरमा वृद्धि गर्न जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका दफा ३४ बमोजिमका विभिन्न विधाका खेलकुदको प्रतियोगिताहरुको आयोजना तथा सञ्चालन गर्ने गराउने,

(घ) शिक्षण संस्थाहरुमा खेलकुद सम्बन्धी आवश्यकता अनुसार खेलकुद पाठ्यक्रम बनाउने, प्रशिक्षण, प्रतियोगिता सञ्चालन गर्ने तथा खेलकुदको उपयोगिताका सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ङ) खेलकुदको स्तरोन्नती र विकासका लागि खेल क्षेत्रको आवश्यकता तथा सम्भाव्यता अध्ययन र पूर्वाधारको निर्माण गर्ने,

(च) बिभिन्न प्रकारका खेलकुदहरुको दिगो र भरपर्दो विकास सम्बन्धमा राय सल्लाह दिने,

(छ) खेलकुद सम्बन्धी क्लब, संस्थालाई आर्थिक सहयोगको लागि सिफारिस गर्ने,

(ज) राप्ती सोनारी शैक्षिक/खेलकुद महोत्सव सञ्चालन गर्ने,

(झ) राप्ती सोनारी खेलकुदको विकासको लागि आवश्यकता अनुसार सम्भव भएसम्म प्रत्येक वडामा खेलकुद मैदानको निर्माण गरी संरक्षण तथा रेखदेख गर्ने,

(न) खेलाडीहरुको स्तरवृद्धि गर्न आवश्यकता अनुसार स्वदेशी तथा विदेशी प्रशिक्षकहरुबाट प्रशिक्षण दिलाउने व्यवस्था गर्ने र उपयुक्त खेलाडीको छनौट गरी प्रयाप्त श्रोत उपलब्ध भएमा औचित्य हेरी विदेशमा समेत तालिम हासिल गर्नको लागि पठाउने,

(ट) गाउँपालिका भित्रका खेलाडीहरुलाई आर्थिक सहायताको लागि सिफारिस गर्ने, शिल्ड, ट्रफिको निर्माण तथा खेलकुद सामाग्रीहरु खरिदको लागि सिफारिस गर्ने,

(ठ) खेलाडीको स्वास्थ्यको प्रवर्द्धन गर्नको लागि आवश्यक व्यवस्था गर्ने,

(ड) विभिन्न कारणबाट शारीरिक तथा मानसिक रुपमा अशक्त हुन पुगेका अपाङ्गता भएका व्यक्तिहरुको खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्न व्यवस्था गर्ने र आवश्यकता अनुसार त्यस्तो खेलकुदको महत्वको सम्बन्धमा प्रचार प्रसार गर्ने गराउने,

(ढ) टोल तथा वडास्तर र विद्यालय स्तरमा खेलकुद गतिविधि सञ्चालन गर्ने गराउने,

(ण) खेलकुद मार्फत रोजगारीका लागि आवश्यक पहल गर्ने,

(त) खेलकुदको विकासको लागि अन्य आवश्यक व्यवस्थाहरु गर्ने गराउने,

(थ) क्लब खेलकुद सम्बन्धी संघ संस्थाको नवीकरणका लागि सिफारिस गर्ने, विकास र खेलकुद सञ्चालनका लागि कार्यालयमा प्रस्ताव सिफारिस गर्ने ।

८.सदस्य सचिवको काम, कर्तव्य र अधिकारः

(क) संयोजकको आदेशानुसार बैठकको लाग पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय पुस्तिकाको सुरक्षा गर्ने र आदेशानुसार बैठकको लागि आवश्यक विषय सूची र सामग्री जुटाउने ।

(ख) बैठकको माइन्यूट उठाउने र बैठक सञ्चालन सम्बन्धी आवश्यक काम गर्ने ।

(ग) समितिको सचिवालयको व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

(घ) खेलकुदको वार्षिक बजेट र कार्यक्रम तयार गरी समितिमा पेश गर्ने ।

९.समितिका सदस्यहरुको पदावधिः

(क) मनोनित सदस्यहरुको पदार्वाध तीन वर्षको हुनेछ, पदावधि समाप्त भएपछि निजहरुको पुनः मनोनयन हुन सक्नेछ। तर स्थानीय तहको निर्वाचन भएमा निजहरुको पदार्वाधि स्वतः समाप्त हुनेछ।

(ख) पदावधि समाप्त नहुँदै कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी पदावधिका लागि दफा ४ को प्रक्रिया बमोजिम पद पूर्ति गरिनेछ ।

(ग) सदस्यले राजीनामा गरी स्वीकृत भएमा निज आफ्नो पदबाट मुक्त भएको मानिनेछ ।

(घ) कुनै सदस्यले आफ्नो कर्तव्य पालन गरेको छैन भन्ने लागेमा समितिको सिफारिसमा कार्यपालिकाको निर्णयले त्यस्तो सदस्यलाई जुनसुकै बखत हटाउन सक्नेछ । कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट बाञ्चत गरिने छैन ।

१०.सदस्यको अयोग्यताः देहायको कुनै व्यक्ति सदस्यमा मनोनित हुन वा वहाल रहन सक्ने छैनः-

(क) गैर नेपाली नागरिक,

(ख) साहुको ऋण तिर्न नसकी दामासाहीमा परेको,

(ग) नैतिक पतन देखिने फौजदारी आभयोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको,

(घ) मगज बिग्रेको,

(ङ) पदेन सदस्य बाहेक अन्य सदस्य २१ (एक्काइस) वर्ष उमेर पूरा नभएको,

(च) सरकारी, सहकारी वा सामुदायिक रकम हिनामिना नगरेको।

११. सदस्यता समाप्त हुने अवस्थाः देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछ-

(क) दफा १० बमोजिम सदस्यतामा बहाल रहन अयोग्य भएमा,

(ख) सदस्यले राजीनामा गरेमा,

(ग) मृत्यु भएमा,

(घ) समितिलाई कारण सहितको सूचना नदिई समितिको बैठकमा लगातार तीन पटक भन्दा बढी अनुपस्थित भएमा ।

## परिच्छेद-३
## समितिको बैठक

१२. समितिको बैठक र निर्णयः

(१) संयोजकबाट निर्देशन भए अनुसार सदस्य-सचिवले मिति, समय र स्थान तोकी समितिको बैठक बोलाउनेछ ।

(२) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफू मध्येबाट ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको कुल सदस्य संख्याको ५१ (एकाउन्न) प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या रहेको मानिनेछ ।

(४) समितिको बैठक सामान्यतया प्रत्येक २/२ महिनामा बस्नु पर्नेछ । बैठक वर्षको कम्तिमा ६ पटक ननाघ्ने गरी आवश्यकता अनुसार बस्न सक्नेछ ।

## परिच्छेद-५
## टिम, क्लब, संघ, संस्थाहरुको दर्ता र व्यवस्थापन

१३. खेलकुद सम्बन्धी संस्थाको दर्ताः

(१) खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न प्रचलित कानून बमोजिम दर्ता भएको संस्थाले यस समितिमा समेत दफा १४ बमोजिम दर्ता गर्नु पर्नेछ । दर्ता स्वीकृत गर्ने काम गाउँपालिकाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिमा दर्ता नभएको खेलकुद सम्बन्धी टिम, क्लब, संघ, संस्थाले गाउँपालिका भित्र खेलकुद सम्बन्धी गतिविधि सञ्चालन गर्न सक्ने छैन ।

१४. संस्था दर्ताको लागि दरखास्त दिनु पर्नेः

(१) समितिको लगतमा संस्था दर्ता गराउन चाहने खेलकुद सम्बन्धी संस्थाले देहायका कुराहरु खुलाई समितिमा नाम दर्ताको लागि निवेदन दस्तुर रु १०००/- का साथ **अनुसूची-१** बमोजिम ढाँचामा दरखास्त दिनु पर्नेछः-

(क) संस्थाको नाम र ठेगाना,

(ख) सञ्चालन गरिने खेलकुदको किसिम/विधा,

(ग) कार्यकारिणी समितिका सदस्यहरुको नाम, ठेगाना, सम्पर्क नं र पेशा ।

उपदफा (१) बमोजिम दरखास्त दिंदा खेलकुद सम्बन्धी संस्थाले संस्था दर्ता प्रमाण पत्र र विधानको प्रतिलिपि समेत दरखास्त साथ संलग्न गरेको हुनु पर्नेछ ।

१५.खेलकुद सम्बन्धी संस्थाको नाम दर्ता गर्न सक्नेः-

(१) दफा १४ बमोजिम नाम दर्ता गराउनको लागि दरखास्त परेमा दरखास्त प्राप्त भएको मितिले पैतीस दिनभित्र समितिले आवश्यक छानविन गरी त्यस्तो खेलकुद सम्बन्धी संस्थालाई आफ्नो लगतमा नाम दर्ता गराई **अनुसूची-२** बमोजिमको प्रमाण पत्र दिनु पर्नेछ । सोही प्रमाण पत्र हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गर्नु पर्नेछ ।

(२) पहिल्यै दर्ता भई सकेको संस्था भए गाउँपालिकामा सूचीकृतको लागि **अनुसूची-३** को ढाँचामा लिखित निवेदन दिनु पर्नेछ ।

(३) सूचीकृत भएका संस्थाहरुलाई **अनूसूची-४** बमोजिम प्रमाण पत्र दिइने छ । प्रमाण पत्रमा हरेक वर्ष नवीकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गर्नु पर्नेछ।

(४) दर्ता वा सूचीकृत भएका संस्थाको नवीकरण दिईने निवेदन **अनुसूची-५** बमोजिमको ढाँचामा हुनु पर्नेछ ।

(५) गाउँपालिकामा दर्ता वा सूचीकृत गर्दा आवेदन फारम शुल्क बाहेक अन्य दस्तुर लाग्ने छैन ।

(६) प्रत्येक वर्षको असोज मसान्त भित्र सबै दर्तावाल वा सूचीकृत संस्थाहरु गाउँपालिकामा अनिवार्य नवीकरण गराउनु पर्नेछ ।

(७) आर्थिक कारोबार गरिने संस्थाले स्थायी लेखा (PAN) नं. लिएको हुनु पर्नेछ ।

(८) दर्ता र नवीकरण गर्नु भन्दा पहिले समितिले तोकेको प्रतिनिधिद्वरा सम्बन्धित ठाँउको निरीक्षण गर्नु पर्नेछ ।

(९) उपदफा (१) बमोजिम लगतमा नाम दर्ता गर्न नसकिने ठहरिएमा दर्ता गर्न नसकिने व्यहोराको सूचना समितिले त्यस्तो खेलकुद सम्बन्धी संस्थालाई दिनु पर्नेछ ।

(१०) दर्ता भएका टिम, क्लब, विद्यालय, संघ संस्थाले जुनसुकै खेलकुदको प्रतियोगिता गर्नु भन्दा अगाडि खेलकुद समितिलाई जानकारी गराई स्वीकृति लिनु पर्नेछ ।

(११) राप्ती सोनारी खेलकुद समितिमा दर्ता भएका टिम, क्लब, विद्यालय, संघ संस्थाहरुले राप्ती सोनारी खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई राप्ती सोनारी खेलकुद विकास समितिको सिफारिसमा गाउँ कार्यपालिकाबाट आवश्यक रकम उपलब्ध गराउन सक्नेछ ।

(१२) राप्ती सोनारी गाँउपालिकाको पहिचान बढाउने खेल तथा राप्ती सोनारी क्षेत्र भित्र खेलिने सबै प्रकारका खेलहरुको सन्तुलित विकास तथा खेल प्रतिभाहरुको प्रष्फुटन एवं क्षमता विकास गर्न नीति, कार्यक्रम तथा मापदण्ड बनाउने ।

१६. हेरफेरको सूचना गर्नुः

(१) कार्यविधि बमोजिम लगतमा नाम दर्ता भएको खेलकुद सम्बन्धी संस्थाले दफा १४ बमोजिम नाम दर्ताको लागि दिएको दरखास्तमा उल्लेख भएको व्यहोरा वा दरखास्त साथ संलग्न विधानको व्यहोरामा कुनै हेरफेर भएमा त्यसरी हेरफेर गर्नु परेको कारण सहितको सूचना पन्ध्र दिनभित्र समितिलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम हेरफेरको सूचना प्राप्त भएपछि त्यस्तो हेरफेर गर्नु पर्ने कारण मनासिब देखेमा समितिले त्यस्तो हेरफेरको व्यहोरा लगतमा जनाई अद्यावधिक बनाई राख्नु पर्नेछ ।

१७. खेलकुद सम्बन्धी संस्थाले हिसाबको श्रेष्ता राख्नु पर्नेः

(१) खेलकुद सम्बन्धी संस्थाले आफ्नो आम्दानी खर्चको हिसाबको श्रेष्ता समितिले तोकि दिएको ढाँचामा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खेलकुद सम्बन्धी संस्थाले राखेको श्रेष्ताको जाँचबुझ खेलकुद विकास समितिले जुनसुकै बेला पनि गर्न सक्नेछ ।

(३) खेलकुद समितिले उपदफा (२) बमोजिम खेलकुद विकास सम्बन्धी संस्थाको श्रेष्ता जाँचबुझ गर्दा गराउँदा आम्दानी खर्चको हिसाब किताब अनियमित भएको वा रकम हिनामिना भएको देखिएमा त्यसरी अनियमित भएको हिसाब किताब नियमित गर्न लगाउन र हिनामिना भएको रकम सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न गराउन आवश्यक कारवाही चलाउन सक्नेछ ।

१८. समितिले निर्देशन दिन र लगतबाट नाम कट्टा गर्न सक्नेः

(१) समितिले खेलकुद सम्बन्धी संस्थालाई खेलकुदको विकासको सम्बन्धमा समय समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित खेलकुद सम्बन्धी संस्थाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम समितिले दिएको निर्देशनको पालन नगर्ने खेलकुद सम्बन्धी संघ संस्था वा समितिले तोकिदिएको ढाँचामा आफ्नो आम्दानी खर्चको हिसाब किताबको श्रेष्ता नराख्ने वा रकम हिनामिना गर्ने खेलकुद सम्बन्धी संस्थाको नाम समितिले आफ्नो लगतबाट कट्टा गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिले आफ्नो लगतबाट कुनै खेलकुद सम्बन्धी संस्थाको नाम कट्टा गरेमा त्यसको सूचना सम्बन्धित खेलकुद सम्बन्धी संस्थालाई दिनु पर्नेछ ।

१९. समितिको स्वीकृति लिनु पर्नेः खेलकुद सम्बन्धी संस्थाले खेलकुद प्रतियोगिता भन्दा बाहिर वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेलकुद विषयको सभा वा सम्मेलनमा भाग लिन कुनै सदस्य वा खेलाडीलाई पठाउन वा राप्ती सोनारी गाउँपालिकामा हुने खेलकुद प्रतियोगिता वा खेलकुद विषयको सभा वा सम्मेलनमा अन्य क्षेत्रको खेलाडी अधिकारीहरुलाई आमन्त्रण गर्न समितिको स्वीकृति लिनु पर्नेछ ।

२०. सदस्यहरुको भत्ताः

(१) सदस्यहरुले समितिको बैठकमा भाग लिए वापत राप्ती सोनारी कार्यसञ्चालन निर्देशिकामा तोके बमोजिम बैठक भत्ता पाउने छन् ।

(२) सदस्यले समितिको काम विशेषले भ्रमण गर्नु परेमा तोकिए बमोजिमको भ्रमण खर्च तथा दैनिक भत्ता पाउने छन् ।

(३) सदस्य सचिवलाई कार्यजिम्मेवारीको आधारमा तोकिएको तलबको आधारमा २५ प्रतिशत सम्म प्रोत्साहन भत्ता उपलब्ध गराउनु पर्नेछ ।

२१. कार्यक्रम तथा बजेटः खेलकुद विकास प्रवर्द्धनको लागि राप्ती सोनारी गाउँपालिकाले आवश्यक बजेट वार्षिक योजनामा समावेश गर्नु पर्नेछ ।

## परिच्छेद-६
## आचार संहिता

२२. आचार संहिताः

(१) खेल सम्बन्धी विषयका खेलाडी, समिति संयोजक तथा सदस्य, कर्मचारी, गाउँ कार्यपालिका र सभा सदस्य तथा सरोकारवालाहरुले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछः-

(क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनको समयमा कुनै पानि प्रतिबन्धित लागुऔषध र मादक पदार्थ सेवन गर्न पाइने छैन ।

(ख) प्रतिस्पर्धी टिमले विदेशी नागरिक मात्र समावेश गरेर स्वदेशी टिम बनाउन पाइने छैन । तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली टिमका रुपमा मान्यता दिइनेछ ।

(ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ ।

(घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरिएको खेलाडीलाई खेलको टिमबाट हटाइनेछ ।

(ङ) खेलको विजय पश्चात पाउने शिल्ड, ट्रफि कहि कतै बेच्न, धरौटी राख्न वा उपहार दिन पाइने छैन । तर कुनै दर्तावाला क्लब विघटन हुन गई उक्त क्लबले प्राप्त गरेका शिल्ड, ट्रफी पालिकाको स्वीकृतिमा अर्को दर्तावाला क्लबलाई उपहार दिन भने बाधा पर्नेछैन । तीन पटक शिल्ड विजय पछि शिल्ड सम्बन्धित क्लब वा संस्थाको हुनेछ ।

(च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएको उपहार व्यक्तिको अधिनमा राख्न पाइनेछैन तर संरक्षण गर्न बाधा पर्नेछैन ।

(छ) खेलको निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइने छैन।

(ज) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टिमको पक्ष लिई ताली बजाउन, क्ल्यापिङ्ग हुटिङ्ग गर्न, अनुहार मेकअप र चित्र प्रदर्शन गर्न पाइनेछ तर विपक्षी टिमका व्यक्तिहरु वा टिमलाई इंगित गरी कार्टुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शब्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

(झ) खेलको विकास गरी प्रचार प्रसार र प्रतिस्पर्धी क्षमता विकास गर्न गाउँपालिकाको स्वीकृति र इजाजत बिना आफ्नो टिमको नाममा जबर्जस्ती चन्दा उठाउन पाइने छैन ।

(ञ) गाउँपालिकाको स्वीकृति वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धित क्लबबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

(ट) यस अघि नै अन्यत्र दर्ता भएका वा गाउँपालिकामा सूचीकृत भएका संस्थाहरुले गाउँपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढङ्गले खेल सञ्चालन गर्न पाउने छन्।

२३. सौजन्यताः दर्तावाला संस्थाहरुले अन्य संघ संस्थाहरुको सौजन्यमा कुनै खेल सञ्चालन गर्न गाउँपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ । संस्थाको सौजन्यताबाट प्राप्त नगदी जिन्सी वा अन्य सहयोगलाई सार्वजानिक गरी खेल सञ्चालन गर्नुका साथै सोको विवरण दुरुस्त राख्नु पर्नेछ । तर यस्तो सौजन्यता प्राप्त गर्दा स्वास्थ्यमा हानी पुयाउने मदिरा एवं मदिराजन्य पदार्थ र सूर्तिजन्य पदार्थहरुको विज्ञापन गर्न गाउँपालिकाबाट स्वीकृति दिइने छैन ।

## परिच्छेद-७
## सजाय

२४. जरिवानाः

(१) दर्ता भएका खेलकुद सम्बन्धी संस्थाहरुले नवीकरण नगराएमा देहाय बमोजिम जरिवाना गरिनेछः

(क) एक वर्षसम्म पनि नवीकरण नगरेमा रु १०००/-

ख) दुई वर्षसम्म पनि नवीकरण नगरेमा रु २५००/-

(ग) तीन वर्षसम्म पनि नवीकरण नगरेमा रु ५०००/-

(घ) पाँच वर्षसम्म पनि नवीकरण नगरेमा रु.१००००/-

(२) पाँच वर्ष भन्दा बढी समयसम्म पनि नवीकरण नगर्ने संस्थालाई दर्ताको सूचीबाट हटाइनेछ । यसरी समयमै नवीकरण नगरी दर्ताको सूचीबाट हटी सकेको संस्थामा संलग्न व्यक्तिको अर्को संस्था दर्ता गरिने छैन ।

३. समयमै नवीकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउनु पर्नेछ ।संस्थामा आवद्ध कुनै व्यक्तिको कारणले संस्था नवीकरण गर्न विलम्ब हुन गएको भए उक्त व्यक्तिबाट संस्थाले त्यस्तो जरिवाना असूल उपर गर्न सक्नेछ ।

(४) अन्यथा हरेक वर्ष शिल्ड राख्ने म्याद सकिएपछि गाउँपालिकामा फिर्ता गर्नु पर्नेछ ।

२५.सजायः

(१) समितिको कुनै सदस्य वा कर्मचारीले जानी जानी वा लापरवाही गरी वा बदनियत साथ समितिलाई हानी नोक्सानी पु-याएमा निजलाई रु २००००/- (बीस हजार) रुपैयाँसम्म जरिवाना हुन सक्नेछ।

(२) समितिको कुनै सदस्यले आर्थिक हानी नोक्सानी पु-याएमा प्रचलित कानूनमा उल्लेख भए अनुसार कारवाही हुनेछ ।

२६. संस्थाको विघटनः

(१) दर्ता भएको खेलकुदका संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्ने छन

(क) संस्थाका दुईतिहाई बहुमतले संस्था विघटन गर्ने भनि निर्णय गरेमा,

(ख) लगातार ५ वर्षसम्म संस्था नवीकरण नगरेमा,

(ग) संस्थाका पदाधिकारी निष्कृय भएमा वा वेपत्ता भएमा,

(घ) प्राकृतिक विपत्तिको कारणबाट संस्था सुचारु हुन नसकेमा ।

२७. बिघटित संस्थाको सम्पत्तिः विघटन भएको सम्पत्ति गाउँपालिका मातहातमा रहनेछ ।

२८. असल नियतले गरेको काममा बचाउः यस कार्यविधि बमोजिम खेलकुद सम्बन्धी शैक्षिक संस्था, क्लब लगायतका संस्थाहरुको अनुगमन तथा नियमन गर्दा सदस्यहरु उपर कुनै कारवाही गरिने छैन ।

२९. यस कार्यविधिमा लेखिएको कुरामा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

३०. समितिको प्रतिवेदनः वार्षिक प्रगति प्रतिवेदन संयोजकले गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ।

३१. बाधा अड्काउ फुकाउने अधिकारः यस कार्यविधिको कार्यान्वयनमा बाधा अड्काउ परेमा वा कुनै अस्पस्टता भएमा सोको व्याख्या गर्ने अधिकार राप्ती सोनारी गाँउ कार्यपालिकालाई हुनेछ ।

३२. संशोधनः यस कार्यविधिमा आवश्यकता अनुसार गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

## परिच्छेद-८
## विविध

३३. शपथ ग्रहणः राप्ती सोनारी खेलकुद विकास समितिका संयोजकले गाँउपालिका अध्यक्ष समक्ष र सम्पूर्ण पदाधिकारीले राप्ती सोनारी खेलकुद विकास समितिका संयोजक समक्ष पद तथा गोपनियताको शपथ गर्ने गराउने छन्।

३४. खेलकुद प्राथमिकिकरणः राप्ती सोनारी खेलकुद विकास समितिले देहाय बमोजिमका खेलहरुलाई प्राथमिकतामा राखी खेलकुद क्रियाकलाप सञ्चालन गर्नेछ ।

(१) भलिबल

(२) एथलेक्टिस

(३) फुटवल

(४) ब्याटमिन्टन

(५) क्रिकेट

(६) कबड्डी

(७) कराते

(८) बक्सिङ्ग

(९) टाइकण्डो

(१०) टेबुलटेनिस

(१०) बौद्धिक तथा साहित्यिक कार्यक्रमहरु

(११) अन्य खेलहरु ।

अनुसुची-१
(दफा १४ को उपदफा १ सँग सम्बन्धित)

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
राप्ती सोनारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
अगैया, बाँके ।

विषयः संस्था दर्ता सम्बन्धमा ।

म/हामीले तपसिलमा लेखिएको विवरण अनुसारको खेलकुद सम्बन्धी संस्था दर्ता गर्ने मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाको विधान समेत तयारी गरी सकेकोले एक प्रति विधान यसै निवेदन साथ संलग्न राखी विधान स्वीकृति र संस्था दर्ताका लागि आवेदन गरेको छु/छौं । नियमानुसार संस्था दर्ता गरिदिनुहुन अनुरोध गरिन्छ ।

संस्थाको कार्यालय रहने स्थानः
राप्ती सोनारी गाउँपालिका वडा नं. टोलको नामः

| | |
|---|---|
| सचिवः | अध्यक्षः |
| नामः | नामः |
| मितिः | मितिः |
| सम्पर्क नंः | सम्पर्क नंः |

निवेदन साथ पेश गर्न पर्ने कागजातहरुः
(क) संस्थाको विधानको मस्यौदा ।
(ख) आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
(ग) संस्थाको छापको नमूना ।
(घ) निवेदन दस्तुरको रसिद ।
(ङ) संस्थाको निर्णय ।

अनूसूची-२
(दफा १५ को उपदफा १ सँग सम्बन्धित)

राप्ती सोनारी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
अगैया, बाँके

**संस्था दर्ता प्रमाण पत्र**

संस्थाको नाम:
ठेगाना:
दर्ता हुँदाका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्या :
दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नाम :

माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संस्था दर्ताको प्रमाण प्रदान गरिएको छ। राप्ती सोनारी खेलकुद विकास समिति कार्यवधि र विधानको अधीनमा रही खेलकुद सम्बन्धी गतिविधिहरु सञ्चालन गर्न अनुमति दिईएको छ।

प्रमुख प्रशासकीय अधिकृत

संस्था नवीकरणको विवरण (पृष्ठ भागमा)

| क्र.स | संस्थाको नाम | नवीकरण भएको मिति | नवीकरण दस्तुर | बिल नं मिति | नवीकरण गर्ने कर्मचारीको सही र गा.पा. को छाप | कै. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनूसूची-३

(दफा १५ को उपदफा २ सँग सम्बन्धित)

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
राप्ती सोनारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
अगैया, बाँके।

विषयः संस्था सूचीकृत गरिदिनु हुन ।

हामीले तपसिलको विवरण अनुसारको संस्था गठन गरी सञ्चालन गर्दै आएका छौं । गाउँ कार्यपालिकाको नियमानुसार संस्था सूचीकृत गरिदिनु हुन अनुरोध गर्दछौ ।

संलग्न कागजातहरुः
(क) दर्ता प्रमाण पत्र ।
(ख) गत वर्षको लेखा परीक्षण प्रतिवेदन ।
(ग) कर चुक्ता प्रमाण पत्र ।
(घ) कार्य समितिको निर्णय ।

| | |
|---|---|
| ................... | ........................... |
| हस्ताक्षर | हस्ताक्षर |
| सचिव : | अध्यक्ष : |
| सम्पर्क नं : | सम्पर्क नं : |

अनूसूची-४
(दफा १५ को उपदफा ३ सँग सम्बन्धित)

रासी सोनारी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
अगैया, बाँके

संस्था सूचीकृत प्रमाण पत्र ।

संस्थाको नाम:
ठेगाना:
दर्ता हुँदाका बखत रहनु भएका समितिको पदाधिकारी र सदस्य संख्या :
दर्ता हुँदाका बखत रहनु भएको अध्यक्षको नाम :

माथि उल्लेखित विवरण भएको संस्थाको विधान स्वीकृत गरी संस्था दर्ताको प्रमाण प्रदान गरिएको छ। रासी सोनारी खेलकुद विकास समिति कार्यविधि र विधानको अधीनमा रही खेलकुद सम्बन्धी गतिविधिहरु सञ्चालन गर्न अनुमति दिईएको छ।

प्रमुख प्रशासकीय अधिकृत

| क्र.स | संस्थाको नाम | नवीकरण भएको मिति | नवीकरण दस्तुर | बिल नं मिति | नवीकरण गर्ने कर्मचारीको सही र गा.पा. को छाप | कै. |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अनूसूची-५

(दफा १५ को उपदफा ४ सँग सम्बन्धित)

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
रासी सोनारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
अगैया, बाँके।

विषयः संस्था नवीकरण गरी पाँउ ।

...........................................................................नामक संस्था यस गाउँपालिकामा दर्ता /सूचीकृत भई खेलकुद सम्बन्धी गतिविधिहरु सञ्चालन गरि रहेको हुँदा तपसिल बमोजिमका कागज पत्र संलग्न राखि नवीकरण गरी पाँउ भनी निवेदन गर्न आएका छौं । अतः आर्थिक वर्ष .......................को लागि संस्था नवीकरण गरी पाँउ ।

निवेदन साथ संलग्न कागजातहरुः

(क) आर्थिक वर्ष को लेखा परीक्षण प्रतिवेदन,
(ख) संस्थाको वार्षिक गतिविधि,
(ग) भावी योजना र बजेट ।

| | |
|---|---|
| ............................ | ............................... |
| हस्ताक्षर | हस्ताक्षर |
| सचिव : | अध्यक्ष : |
| सम्पर्क नं : | सम्पर्क नं : |

प्रमाणीकरण मितिः

***

आज्ञाले,
ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत